# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०७७/०७८
च. नं.: १३२३

मितिः २०७७/१०/२३

श्री सामुदायिक विद्यालय (सबै),
सत्यवती गाउँपालिका, गुल्मी ।

विषयः विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत विषयमा चालु आ.व. २०७७/०७८ मा यस गाउँपालिकाद्वारा सञ्चालित सामुदायिक विद्यालयहरुले विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत **विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई** अनुदान कार्यक्रम कार्यान्वयनका लागि विद्यालयहरुले तपसिल अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

<u>तपसिल:</u>

१. सबै सामुदायिक विद्यालयले प्रारम्भिक बालकक्षा देखि कक्षा ५ सम्म अध्ययनरत सबै बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व.२०७७/७८ को अनुसूचि - ४ मा उल्लिखित दिवा खाजाको मात्रा, मापदण्ड, गुणस्तर र सम्भाव्य मोडल अनुसार गर्ने ।

२. दिवा खाजा व्यवस्थापन गर्दा खर्च भएको नर्म्स अनुसारको रकम ( परीक्षामा सामेल भएको दिन समेत प्रति विद्यार्थी प्रति हाजिरी भएको दिनको लागि रु. १५/- का दरले वार्षिक बढीमा १८० दिनको लागि मात्र ) निकासाका लागि विद्यार्थी हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र वि.व्य.स. अध्यक्ष दुवैबाट प्रमाणित गरी यसै पत्रासाथ संलग्न माग फारामको ढाँचा अनुरुप विद्यालयको लेटरप्याडमा रकम निकासाका लागि माग फाराम पेश गर्नुहुन अनुरोध छ ।

१०/२३

झविश्वर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# माग फारामको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सत्यवती गाउँपालिका, गुल्मी ।

विषयः दिवा खाजा वापतको रकम निकासा सम्बन्धमा ।

प्रस्तुत विषयमा यस विद्यालयको प्रारम्भिक बालबिकास (ECD) देखी कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि असोज, कार्तिक र मंसिर महिनाको दिवा खाजा वापतको रकम निकासाको लागि तपसिलको विवरण र आवश्यक कागजात सहित पठाईएको व्यहोरा अनुरोध छ ।

<u>तपसिल</u>

| क्र सं | विवरण | ECD | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | जम्मा उपस्थिती दिन | दर | रकम | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी भर्ना संख्या | | | | | | | | | | |
| २ | उपस्थित विद्यार्थी संख्या (असोज) | | | | | | | | १५ | | |
| ३ | उपस्थित विद्यार्थी संख्या (कार्त्तिक) | | | | | | | | १५ | | |
| ४ | उपस्थित विद्यार्थी संख्या (मंसिर) | | | | | | | | १५ | | |
| ५ | जम्मा उपस्थिती दिन | | | | | | | | १५ | | |
| प्रति विद्यार्थी उपस्थित दिनको रु.१५ का दरले तीन महिनाको हुन आउने जम्मा माग गरिएको रकम । | | अङ्कमा ...............................................................<br>अक्षरमा ............................................................... | | | | | | | | | |

<u>संलग्न कागजातहरु:</u>

१. विद्यार्थीको सम्बन्धित महिनाको हाजिरी प्रमाणित प्रतिलिपि ।

२. दिवा खाजा खुवाउने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी ।

.......................

**प्रधानाध्यापक**